# सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)

सूचना.नं. २१

५ नं. प्रदेश, नेपाल

मितिः २०७५।०८।१०

## विषयः करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०७५।०८।१०)**

प्रस्तुत विषयमा यस सिस्ने गाउँपालिकाको लागि तपशिल बमोजिमका पदहरुमा खुला प्रतियोगिताद्वारा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ । फारम, कार्यविवरण, पारिश्रमिक सेवाका शर्तहरु सहितको विस्तृत विवरणहरु कार्यालयबाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | काम गर्ने स्थान | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| ११।०७५।०७६ | सहायक कम्प्यूटर अपरेटर | राप अनं द्वितीय श्रेणी | १ जना | गाउँपालिका र आवश्यकता अनुसार | मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी उत्तिर्ण गरी कम्प्यूटर विषयमा डिप्लोमा कोर्स उत्तिर्ण गरेको | सूचीकरण, लिखित, प्रयोगात्मक र अर्न्तवार्ता |
| १२।०७५।०७६ | सब-इन्जिनियर (सिभिल जनरल) | राप अनं प्रथम श्रेणी | १ जना | गाउँपालिकाका सबै वडाहरुमा आवश्यकता अनुसार | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको । | सूचीकरण र अर्न्तवार्ता |

**कार्य शर्तको विवरण (TOR):** सम्झौता बमोजिम ।

**आवेदन शुल्कः** रु १०००।- (अक्षरुपी एक हजार मात्र) ।

**उमेरः** १८ बर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

**तलब सुविधाः** सहायक कम्प्यूटर अपरेटरको हकमा रु. २०,०००।-(अक्षरुपी बीस हजार मात्र)

सब-इन्जिनियरको हकमा नेपाल सरकारको नियमानुसार ।

**करार अवधीः** २०७६ असार मसान्त सम्म ।

**दरखास्त दिने अन्तिम मितिः** २०७५।०८।२४ गते सम्म ।

**लिखित परीक्षाको मितिः** लिखित तथा अर्न्तवार्ता परीक्षाको मिति छोटो सूची प्रकाशन भएको दिन तोकिनेछ ।

**दरखास्त फाराम साथ पेश गर्नुपर्ने अन्य कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, पासपोर्ट साइजको ३ प्रति फोटो, (सहायक कम्प्यूटर अपरेटरको हकमा डिप्लोमा कोर्सको प्रमाणपत्र)

आवेदनको ढाँचा यस कार्यालयको **वेभसाईट** www.sisnemun.gov.np बाट डाउनलोड गर्न वा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**नोटः**

- इच्छुक उम्मेदवारले उल्लेखित मिति भित्र प्राप्त हुने गरी माथि उल्लेखित कागजातहरु सहित सिस्ने गाउँपालिकाको नाममा नेपाल बैंक लिमिटेड रुकुम (पूर्व) स्थित **बैंक खाता नं. १८९०३०००००००४००१००४** मा आवेदन दस्तुर जम्मा गरेको भौचर सहित इमेल sisnermun@gmail.com मा वा कार्यालयमा स्वयं उपस्थित भई आवेदन दिन सकिनेछ ।
- म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।
- आवदेन परेका मध्येबाट सुचीकरण पश्चात लिखित परीक्षाको मिति तोकिने छ । दरखास्तको म्याद समाप्त भएको दिन वा भोलिपल्ट उम्मेदवारहरुको सुचीकरणको सूचना प्रकाशन गरिनेछ ।
- थप जानकारीका लागी **फोन नं. ०८८४१३०६४, ९८५७८२४२३५** वा गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

२०७५।८।१०

(संयोजक)

सूचिकरण तथा अन्तरवार्ता समिति

प्रमुख प्रशासकीय अधिकृत